महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
२०७८
मायादेवी गाँउपालिका,कपिलवस्तु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. ४५ मितिः२०७८/०५/०४

श्री प्रमुखज्यू,
मायादेवी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
, कपिलवस्तु ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ०४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

(लुम्बिनी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

Office of the Auditor General

बबरमहल, काठमाण्डौ, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प.सं.

च.नं.- ४५

मिति- २०७८/०५/०४

श्री प्रमुखज्यू,

मायादेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय कपिलवस्तु ।

विषय- लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयको पर्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ३ करोड ६५ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २५ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ५१ लाख ७९ हजार नियमित गर्नुपर्ने रु २५ लाख ४६ हजार पेश्की बाँकी रु ६२ लाख ६७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुको सम्बन्धमा मिति २०७७/१२/१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका तथा हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३४ (चौतिस) यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको केन्द्र व्यवस्था आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी गर्नुपर्ने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहबाट हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जानाजानी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जानाजानी वा अन्य गल्ति कमीका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जानाजानीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पर्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने [illegible] वा जानाजानीजन्य अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एन.बी.

(नायब महालेखापरीक्षक)

मायादेवी गाउँपालिका,कपिलवस्तु
लेखापरीक्षण प्रतिवेदन
२०७६/०७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मायादेवी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ८८.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८ हजार २१८ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि. नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		१०८३४८८५२.८	१	**चालु खर्च**	२४२३०७४९४.६	२४२३०७४९४.६
	क) नगद	०		२	**पूँजीगत खर्च**	११४३७८३४७.३	११४३७८३४७.३
	ख) बैंक	१०८३४८८५२.८		३	**वित्तिय व्यवस्था भुक्तानी**	०	
२	**राजस्व (आन्तरिक आय)**		११३५२७५००.६		क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	०			ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड	७७१००४११.८८			ग) अन्य भुक्तानी	०	
	ग) अन्य आय	३६४२७०८८.६८		४	**लगानी**	०	
३	**वित्तिय हस्तान्तरण संघ**		३३८११२०००		ऋण लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान	१४०१०००००			शेयर लगानी	०	
	ख) सशर्त अनुदान	१७३४१२०००			अन्य लगानी	०	
	ग) समपूरक अनुदान	९६०००००		५	**धरौटी फिर्ता**	०	
	घ) विशेष अनुदान	१५००००००		६	**जनश्रमदान फिर्ता**	०	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३६६२४०००	७	**कोष फिर्ता**	९३७८८६३१.९६	९३७८८६३१.९६
	क) वित्तिय समानीकरण अनुदान	४७७४०००		८	**मौज्दात**		१४६१३७८७९.६
	ख) सशर्त अनुदान	८००००००			क) बैंक मौज्दात	१४६१३७८७९.६	
	ग) समपुरक अनुदान	११२५००००			ख) नगद मौज्दात	०	
	घ) विशेष अनुदान	१२६०००००		९	**शसर्त अनुदान फिर्ता**		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	०		१०	**गत बर्षको बढी अल्या**		
६	**अन्य**	०		११	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना	०		१२	**धरौट मौज्दात**		
	ख) सडक बोर्ड नेपाल	०		१३	**कोष खाताको मौज्दात**		
	ग) पर्यटन बोर्ड नेपाल	०					
	घ) एन एन एस डब्लु ए	०					
७	**विभिन्न कोषतर्फको आय**	०					
८	**जनसहभागिता (नगद)**	०					
९	**विषयगत निकायबाट प्राप्त**	०					
१०	**धरौटी आय**	०					
११	**लगानीको साँवा फिर्ता**	०					
१२	**अन्य विविध आय**	०					
	जम्मा	**५९६६१२३५३.४**	**५९६६१२३५३.४**		**जम्मा**	**५९६६१२३५३.४**	**५९६६१२३५३.४**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ७२९४००१४।- ले फरक देखिएको छ ।र कार्यालयले चेक साट्न वाँकी रु ६०९७१०००।- को विवरण पेश गरेको छ ।हिसाव मिलान नभएको रु ११९६९०१४।-एकिन गर्नु पर्दछ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १०८१९७१७३.५१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १०८३४८८५२.८२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १५१६७९.३१ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु	१५१६७९।-
३.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.	११९६९०१४।-

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक	हिसाव मिलानको विवरण	एकिन गर्नुपर्ने रु
	चालु तथा पूजिगत खाता	२१३२७८३५२.१	२८६२१८३६६.६४	७२९४००१४.५९	६०९७१०००.००	११९६९०१४.५९

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७० जनाको दरबन्दी रहेकोमा ३२ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २,०२,३३,२५३.५० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
६.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गिता तिवारीले मिति २०७६।३ ।१० गते रु ५३ करोड ३५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
७.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	चालु खर्चतर्फ	२४९०९१५४७	४१५८७५२३	६५७४०२३५	१४१७६३७८९	८२७४४९२८
	पूँजिगत खर्चतर्फ	११४६८४०८८	२५३९००	१२७११८५०	१०११२३२८०	८६५८०७५६

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

	जम्मा	३६३७७५६३५	४१८४१४२३	७८४५२०८५	२४२८८७०६९	१६९३२५६८४
	प्रतिशत		१	११	८८	७५

१०. पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ११४६८४०८८ पुजीगत निकासा भएकोमा प्रथम चौमासिकमा रु. २५३९०० अर्थात १ प्रतिशत, दोश्रो चौमासिकमा रु १२७११८५० अर्थात ११ प्रतिशत र तेश्रो चौमासिकमा रु १०११२३२८० अर्थात ८८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८५५८०७५६ अर्थात ७५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत	
				जम्मा खर्चको तुलनामा	विनियोजित शिर्षकगत बजेट तुलनामा
१	आर्थिक विकास	२,३४,२७,०००	१,८४,३०,९९२	६	७८.६७
२	पूर्वाधार विकास	७,६१,९३,२९०	३,५१,७९,४६३	११.५	४६.१७
३	सामाजिक विकास	२०,०२,९६,८७०	१४,८८,५४,४२३	४८.७	७४.३२
४	बातावरण तथा विकास				
५	संस्थागत विकास, सेवा र सुशासन				
६	विपद व्यवस्थापन	९५,५०,०००	९५,४५,७५०	३.१२	९९.९६
७	कार्यालय संचालन तथा प्रशासनिक	११,४५,९४,७१०	९,३२,८८,०२७.९५	३०.५५	८१.४१
	जम्मा	४२४०६१८७०	३०५२९८६५६		

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये शिषर्कगत रुपमा विपद व्यवस्थापनमा सबैभन्दा बढी ९९ प्रतिशत र पुर्वाधार विकासमा सबै भन्दा घटीमा ४६ प्रतिशत खर्च प्रगति भएको छ । कुल खर्चको तुलानमा सामाजिक विकास तर्फ कुल खर्चको सबैभन्दा बढी ४८।७ प्रतिशत र विपद् व्यवस्थापन मा सबै भन्दा ३.१२ खर्च भएको छ ।पालिकाले संस्थागत विकास, सेवा प्रवाह र सुशासन लगायत अन्य क्षेत्र तर्फ समेत बजेट विनियोनजन कार्यक्रम संचालन गर्नु पर्दछ ।

१२. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ११३५२७५००.६ राजस्व बाँडफाँड र अनुदानबाट रु ३७४७३६००० समेत रु ४८८२६३५००.६ आम्दानी भएकोमा चालु तर्फ रु २४२३०७४९४.५६ र पूँजिगत तर्फ रु ११४३७८३४७.२८ समेत रु ३५६६८५८४१.९ खर्च भएको छ । पालिकाले आन्तरिक आमदानीको विवरण छुटै विवरण तयार नगरी धरौटी लगायतका आम्दानी लाई सयूक्त रुपमा अन्य आयको रुपमा विवरण राखेको कारण वास्तविक आन्तरीक आय यकिन गर्न सकिएन । छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७ प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदन र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	चौमासिक बार्षिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१४.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशिघ्र छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१५.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखि रु १०१०६४२४ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद कानुनी सल्लाहकार पदमा १ जना करार नियुक्ति गरी बर्षभरीमा रु१४४००० भुक्तानी गरेको अनियमित देखिएको रु	१४४०००।-
१६.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १०००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१००००००।-
१७.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार	१६७५५३२।-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	

क.स.	नाम थर	पद	मासिकभत्ता	महिना	दिन	दैनिक दर	जम्मा रकम
	रामचन्द्र ढकाल	प्रमुख प्रशासकीय अधिकृत	१३०००	४	०	०	५२०००
	जनकराज पन्थी	प्रमुख प्रशासकीय अधिकृत	१३०००	८	०	०	१०४०००
	बैतुल्लाह धुनिया	अधिकृत छैठौ	१००००	१२	०	०	१२००००
	राम कृष्ण तेली	अधिकृत छैठौ	१००००	१२	०	०	१२००००
	इ .राम चन्द्र चौधरी	सूचना अधिकारी	१००००	१२	०	०	१२००००
	इ .सुनिल आचार्य	इन्जिनियर	१००००	४	०	०	४००००
	अनिल कुमार चौधरी	सहायक पाँचौ	८०००	१२	०	०	९६०००
	संजय चौधरी	ना सु	८०००	३	१५	२६६	२७९९०
	तुल्सी पौडेल	सहायक पाँचौ) लेखा(	८०००	१२	०	०	९६०००
	गिरिराज गौतम	सहायक पाँचौ) लेखा(	८०००	८	०	०	६४०००
	सरिता घिमिरे	सहायक पाँचौ) अ.ले.प(.	८०००	४	१०	२६६	३४६६०
	सुस्मिता अर्याल	स.इ.	८०००	१	२८	२६६	१५४४८
	कमल चौधरी	कम्प्यूटर सहायक	८०००	१	२८	२६६	१५४४८
	बद्री बेल्वासे	प्रा.स	८०००	१	२१	२६६	१३५८६
	मुकेश कुमार चौधरी	अ.सब इन्जिनियर	६०००	१	२१	२००	१०२००
	सागर राना	अ.सब इन्जिनियर	६०००	१	१०	२००	८०००
	कौशल चौधरी थारु	अ.सब इन्जिनियर	६०००	१	२१	२००	१०२००
	हरिना शाही	अ.सब इन्जिनियर	६०००	१	१०	२००	८०००
	राम सेवक कुर्मी	नासु	८०००	१२	०	०	९६०००
	रमेश गुप्ता	खरिदार	६०००	१२	०	०	७२०००
	श्याम कुमार कामत	खरिदार	८०००	१२	०	०	९६०००
	नन्दु लाल कोहार	खरिदार	६०००	१२	०	०	७२०००
	शिवगुलाम कलवार	प्राविधिक सहायक	६०००	१२	०	०	७२०००
	हरिराम चौधरी	का.स.	६०००	१२	०	०	७२०००
	रामतिरथ कहार	का.स.	६०००	१२	०	०	७२०००
	शिवप्रकास वर्मा	का.स.	६०००	१२	०	०	७२०००
	भिमनाथ शर्मा	का.स.	६०००	१२	०	०	७२०००
	दिलिप कु ठाकुर	का.स.	२०००	१२	०	०	२४०००
	केशव कहार	का.स.	२०००	१२	०	०	२४०००
	कृष्णदेव यादव	का.स.	२०००	१२	०	०	२४०००
	जम्मा						१७२३५३२

१८. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
८	८	७	१

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२०.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१२७५</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१४८००</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१००८०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>९६७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१२३</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२१</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>२१३</td></tr>
<tr><td>नागरिता सिफारिस</td><td>१६९१८</td></tr>
<tr><td>घर बाटो सिफारिस</td><td>९७</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td rowspan="4">पालिकाले यस सम्वन्धि अभिलेख नराखेको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>५९</td><td>५२</td><td>९८</td><td>३४</td><td>१०</td><td>२५३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा बढीको जम्मा १० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>२२.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ७ वटा नियमावली, २ कार्यविधि लगायत १२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
२३.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर पालिकाले गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको विवाद सम्वन्धी अभिलेख राखेको छैन । पालिकामा यस बर्ष न्यायिक समिति का लागी रु १९ लाख ५० हजार विनीयोजन गरी रु १८ लाख ६७ हजार खर्च भएको छ । समिति संचालनका लागी विनीयोजित रकम खर्च गर्ने तर सोको उपलब्धि मापन नहुने तथा अभिलेख अध्यावधिक नगर्ने कार्यमा सुधार हुनु पर्दछ ।	
२४.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
२५.	**पदाधिकारी सुविधा** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । लुम्विनी प्रदेश स्थानिय तह पदाधिकारी तथा सदस्यहहरुको सुविधा सम्वन्धी ऐन २०७६ ले सम्मानीत सर्वोच्च अदातलको आदेश बमोजिमको कार्तिक महिना पछि लागु हुने गरि मासिक सुविधा वापत रकम पाउने व्यवस्था गरेको छ । तर पालिकाले २०७६ श्रावण भाद्र असोज महिनाका लागि सुविधा सम्बन्धी ऐन २०७६ अनुसार नै मासिक सुविधा उपलब्ध गराएको पाईयो । पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ बमोजिम मासिक पारिश्रमिक दिनु पर्नेमा सो दर भन्दा बढी भुक्तानी दिएको रु	४८०९००।-

क्र.स	नाम थर र पद	भुक्तानी भएके	पाउने	बढी भुक्तानी	३ महिनाको बढी
१	श्री बजरंगी प्रसाद कुर्मी गा.पा.अध्यक्ष	४६४००	३००००	१६४००	४९२००
२	श्री गीता तिवारी गा.पा.उपाध्यक्ष	४२९००	२७०००	१५९००	४७७००
३	श्री अनिता चौधरी सदस्य (कार्यपालिका	१७०००	१२०००	५०००	१५०००
४	श्री सृजना बिमल हरिजन का सदस्य)	१७०००	१२०००	५०००	१५०००
५	श्री महेन्द्र धोवी कार्यपालिका सदस्य	१७०००	१२०००	५०००	१५०००
६	श्री इनरमति लोधीन स(कार्यपालिका	१७०००	१२०००	५०००	१५०००
७	श्री बिन्दु कुमारी कहाँर (गौण) का स	१७०००	१२०००	५०००	१५०००
८	श्री कैलासी हरिजन कार्यपालिका सदस्य	१७०००	१२०००	५०००	१५०००
९	श्री सावुद्दीन मुसलमान वडा सदस्य	१०५००	७०००	३५००	१०५००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१०	श्री सुनिल कुमार चौधरी १ वडा सदस्य	१०५००	७०००	३५००	१०५००
११	श्री जस्तादेवी थापा क्षेत्री २ सदस्य	१०५००	७०००	३५००	१०५००
१२	श्री सुभावती पासी २ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
१३	श्री नटवर सिहं यादव २ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
१४	श्री अतिकुर रहमान मुसलमान सदस्य	१०५००	७०००	३५००	१०५००
१५	श्री अलि हुसेन मिया ३ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
१६	श्री नवलकिशोर पाण्डेय ३ नं. सदस्य	१०५००	७०००	३५००	१०५००
१७	श्री प्रमिला बनिया ३ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
१८	श्री बंशराजी पासी ३ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
१९	श्री ध्यानमती पासी ४ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२०	श्री गयासुद्धिन मुसलमान ४ सदस्य	१०५००	७०००	३५००	१०५००
२१	श्री मोहम्द एकरम धुनिया ४ सदस्य	१०५००	७०००	३५००	१०५००
२२	श्री राम रति अहिर ५ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२३	श्री चन्द्रावती पासी ५ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२४	श्री मोहम्मद सइ फकिर ५ वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२५	श्री अजय कुमार तिवारी ५ वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२६	श्री पुन्ना चौधरी ६ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२७	श्री फुलमती पासिन ६ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२८	श्री बलिराम यादव ६ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
२९	श्री नरसिंह कलवार ६ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
३०	श्री गुन्जेश्वरी चमाइनी ७ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
३१	श्री यसोदा नन्द मिश्र ७ नं. वडा सदस्य	१०५००	७०००	३५००	१०५००
३२	श्री गणेश बहादुर यादव वडा सदस्य	१०५००	७०००	३५००	१०५००
३३	श्री सुमित्रा यादव (अहिर) वडा सदस्य	१०५००	७०००	३५००	१०५००
३४	तारादेवी चमर्ईन सदस्य	१०५००	७०००	३५००	१०५००
३५	रामनारायण रामशंकर सदस्य	१०५००	७०००	३५००	१०५००
३६	वेदनिधी शुक्ला सदस्य	१०५००	७०००	३५००	१०५००
					४८०९००

२६.	**बैंठक भत्ताः** ५९४ २०७७.०३.३१ गाउँपालिकाको मिति २०७६.११.१४ २०७७.०३.१० तथा २०७७.०३.२९ मा गाउँ सभाको वैंठकमा उपस्थित भएवापत ५३ जना पदाधिकारी तथा कर्मचारीलाई वैंठक भत्ता वापत रु १५५०००.०० भूक्तानी भएकोमा निम्नानसारका कर्मचारी तथा पदाधिकारी वैंठकमा उपस्थित नभएको पाईएकोले सम्वन्धितवाट असुल गरी सञ्चित कोषमा जम्मा गर्ने रु	२२१००।-

क.स.	पद	नाम	कर कट्टा गरी वुझेको रकम
१	लेखापाल	तुल्सी राम पौडेल	२५५०.००
२	अधिकृत छैठौ	रामकृण्ण तेली	१७००.००
३	अधिकृत छैठौ	बैतुल्लाह धुनिया	१७००.००
४	सहायक स्तर पाँचौ	अनिल चौधरी	२५५०.००
५	एम् आई एस् अप्रेटर	ओम राज कुर्मी	२५५०.००
६	सु.प्र.अ.	रामचन्द्र चौधरी	१७००.००
७	लेखापाल	गिरीराज गौतम	२५५०.००
८	स.क.अ	मनोज क्मार कुर्मी	१७००.००
९	सदस्य	अनिता चौधरी	८५०.००
१०	सदस्य	अजय कुमार तिवारी	८५०.००
११	सदस्य	पुन्ना चौधरी	८५०.००
१२	सदस्य	प्रमिला वानिया	८५०.००
१३	सदस्य	सावुदिन मुसलवान	८५०.००
१४	सदस्ष	सुमित्रा यादव	८५०.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा २२१००.००	
२७.	**विल भरपाई नभएकोः-** गो भौ.न.१० २०७७.०२.३२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७,को नियम ५को उपनियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विलकागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।,भरपाई,पालिकाले नेपाल विधुत प्राधिकरण तौलिहवा शाखालाई भूंक्तानी गरेको रकमको विल भरपाई श्रेष्ताको साथमा संलग्न नभएकाले खर्च पुट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु	६०००००।-
२८.	**भरपाई नभएकोः-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले विभिन्न वैठकमा सहभागी भएका सदस्यलाई भूक्तानी गर्नका लागी निम्नानुसारका व्यक्तिलाई भूक्तानी गरेकोमा सम्वन्धितलाई भूक्तानी नगरी आफै सँग राखेकोले सम्वन्धितवाट असुल उपर गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु	१२९६००।-

भौ न. मिति	भूक्तानी लिएको व्यक्ती	कार्यक्रमको नाम	कर कट्टा गरी भूक्तानी रु
६१४ २०७७.०३.३१	महेन्द्र प्रसाद यादव	चौकि ल्याव सञ्चालन	८५००.००
५७१.२०७७.०३.३०	ओम राज कुर्मी	का.स.मू	१०२००.००
५६८.२०७७.०३.३०	ओम राज कुर्मी	वडा सचिव वैठक	९६०५०.००
५६३.२०७७.३.३०	ओम राज कुर्मी	त्रैमासिक समिक्षा	१७८५०.००
२६१.२०७६.११.१४	बैतुल्लाह धुनिया	ग्रामिण विकास कार्यक्रम	६७४५०.००
जम्मा			१२९६००.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२९.	**भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले निम्नानुसारका कारोवारमा भरपाई संलग्न नभएकाले भरपाईको प्रमाण पेश गर्नुपर्ने रु	१५७८०००।-

भौ.न. मिति	खरिद गरेको सप्लायर्स	सामाग्रीको विवरण	रकम रु
५३८ २०७७.३.२९	ओम साईराम सप्लायर्स	पम्पिङ १२ सेट ४०००० का दरले	४८००००.००
५४२ २०७७.३.२९	ओम साईराम सप्लायर्स	स्प्र् टङ्की १०० सेट ४८०० का दरले	४८००००.००
५५२ २०७७.३.२९	ओम साईराम सप्लायर्स	चाव कटीङ मेशिन ८ सेट ४९५०० का दरले	३९६०००.००
	ओम साईराम सप्लायर्स	हेवि चाप कटर वितरण २२२००० को	२२२०००.००
जम्मा			१५७८०००.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३०.	**वढी भूक्तानी भएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले भूक्तानी गरेका निम्नानुसारका कारोवारमा संलग्न विल भरपाई भन्दा वढी भूक्तानी गरेकाले सम्वन्धित वाट असुल उपर गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु	७५२२५।-

भौ न. मिति	कार्यक्रम तथा शिर्षक	भूक्तानी पाउने	भूक्तानी रकम	भूक्तानी हुनुपर्ने	वढी भूक्तानी
४९४ २०७७.३.२२	महिला क्षमता विकास तालिम	जनसेवा समाज	१०००००.००	९८६५०.००	१३५०
४९६ २०७७.३.२३	दलित नेतूत्व विकास कार्यक्रम	जनसेवा समाज	१५००००.००	१४८६५०.००	१३५०
५५३ २०७७.३.२६	युवाको क्षमता विकास कार्यक्रम	नेपाल ग्रामिण केन्द्र	२०००००.००	१९७३००.००	२७००
५२४ २०७७.३.२६	पिछडा वर्ग क्षमता विकास	नेपाल ग्रामिण केन्द्र	२०००००.००	१९७३००.००	२७००
५२९ २०७७.३.२८	भत्ता वितरण	वडेलाल कोहार	१८०००.००	१४६००.००	३४००
५३५ २०७७.३.२८	भत्ता वितरण	राम विलास मुराउ	१६५००.००	१५२२५	१२७५
५४५ २०७७.३.२८	भत्ता वितरण	ग्रामिण विकास केन्द्र	१०००००.००	९८६५०.००	१३५०
हिउदेर २०७७.१.२४	भत्ता वितरण	महेन्द्र प्रसाद यादव	३०००००.००	२७४५००.००	२५५००
७७ २०७६.८.१२	सञ्चार खर्च	जनक राज पन्थी	३०२००.००	२७२००.००	३०००
१२८ २०७६.९.१७	ईन्धन खर्च	जनक राज पन्थी	३९४००.००	३३४००.००	६०००
१५१ २०७६.९.२३	विविध खर्च भूक्तानी	सन्जु गैरे	२२९६०.००	२१२६०.००	१७००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२२१ २०७६.११.१	सञ्चार	जनक राज पन्थी	३६७००.००	२९९००.००	६८००
३०९ २०७६.१२.९	भत्ता वितरण	अमिन प्रसाद कुर्मी	५००००.००	४७४५०.००	२५५०
३१५ २०७६.१२.१०	भत्ता वितरण	मनोज चौधरी	४००००.००	४१७५०.००	-१७५०
३३६ २०७७.१.१४	भत्ता वितरण	महेन्द्र प्रसाद यादव	२०००००.००	१९४२५०.००	५७५०
३४५ २०७७.१.२२	भत्ता वितरण	प्रमेश्वर यादव	१०००००.००	९८०००.००	२०००
४०८ २०७७.२.२८	भत्ता वितरण	मनोज कुमार चौधरी	७७०००.००	७०२००.००	६८००
४९२ २०७७.३.२२	भत्ता वितरण	नेपाल ग्रामिण विकास केन्द्र	१०००००.००	९८६५०.००	१३५०
४९३ २०७७.३.२२	भत्ता वितरण	जनसेवा समाज	१०००००.००	९८६००.००	१४००
			१८८०७६०	१८०५५३५	७५२२५

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३१.	**वैंठक भत्ताः** २२३ २०७७.०३.३१ सामाजिक परीचालकको नियमित वैंठक वापत भूक्तानी भएको रु ३६२०००. मा सामाजिक परीचालक श्री सरीता तिवारी १५ वटा वैंठकमा उपस्थित भएतापनि १५ वटा वैंठकको भत्ता भूक्तानी भएको साथै तुल्सी प्रसाद पौडेल कुनै पनि वैंठकमा उपस्थित नभएता पनि २५ वटा वैंठकको भत्ता भूक्तानी भएकाले अनुपस्थित दिनको भूक्तानी भएको रकम असुल गर्नुपर्ने रु	३५०००।-
३२.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३५४७६५ खर्च गरेको छ ।	
३३.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु १४५४५० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३४	**अनुदान फिर्ता, वितरण र उपयोग** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ।ऐनको दफा २ मा प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ ।प्राप्त अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ।प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ ।	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१७३११९०००	१४०७४२६९६.९	३२३७६३०३.१
	विषेश	१५००००००	०	१५००००००
	समपुरक	९६०००००		९६०००००
जम्मा		**१९७७१९०००**	**१४०७४२६९६.९**	**५६९७६३०३**
प्रदेश सरकार	शसर्त	८००००००	६५५३४५८	१४४६५४२
	विषेश	१२६०००००	४९२०५७७	७६७९४२३
	समपुरक	११२५००००	०	११२५००००
जम्मा		**३१८५००००**	**११४७४०३५**	**२०३७५९६५**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३५.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु १७८५७६० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु ५७८४५० गरी रु २३६४२१० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
३६.	**अनुगमन भत्ता —** यस पालिकाले बनाएको नर्म्स अनुसार अनुगमन भत्ताको दर १००० रहेकोमा साना सिचाँई निर्माण तथा भकारी सुधार कार्यक्रममा निम्न पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन भत्ता वापत १५०० का दरले भुक्तानी बुझेकोले ५०० का दरले असुल गर्नुपर्ने रु	१००००।-

पद तथा नाम	बैठक संख्या	बुझेको रकम	पाउनु पर्ने रकम	बढी भुक्तानी
अध्यक्ष श्री बजरंगी प्र कुर्मी	२	१५००	१०००	१०००
उपाध्यक्ष गिता तिवारी	२	१५००	१०००	१०००
प्र प्र अ जनक राज पन्थी	२	१५००	१०००	१०००
प्र चि बडेलाल कोहार	१	१५००	१०००	५००
वडा अध्यक्ष सन्दिप कु चौधरी	२	१५००	१०००	१०००
प्र स श्रीकान्त चौधरी	१	१५००	१०००	५००
वडा अध्यक्ष हरि गोविन्द चौधरी	१	१५००	१०००	५००
लेखाप्रमुख तुल्सीराम पौडेल	१	१५००	१०००	५००
लेखाप्रमुख गिरीराज गौतम	१	१५००	१०००	५००
प्र स रामविलास मुराउ	२	१५००	१०००	१०००
रामकृष्ण तेली	१	१५००	१०००	५००
पाचौ अनिल चौधरी	२	१५००	१०००	१०००
ना प्रा स बालकृष्ण बरई	२	१५००	१०००	१०००
जम्मा				१००००.

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३७.	**गैह्र सरकारी संस्था मार्फत कार्यः** यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् (क) गाउँपालिकामा गत विगतमा जस्तै आ.व.२०७६।७७ मा विभिन्न सामाजिक विकास लगायतका कार्यक्रमहरु गाउँपालिका तथा वडा मार्फत गैर सरकारी संस्थासँग सम्झौता गरी कार्यक्रम संचालन गरेको देखियो।विगतमा महालेखापरीक्षकको कार्यालयवाट वेरुजु समेत औंल्याईएकोमा वेरुजुमा सुधार तर्फ कार्यालयले ध्यान दिईएको देखिएन । (ख) नमूना छनौटका आधारमा हेर्दा कार्यालयले सञ्चालन गरेका अधिकांश कार्यक्रम गैह्र सरकारी संस्थावाट सञ्चालन भएका छन्।गैह्र सरकारी संस्थाले आफ्नो प्यान तथा भ्याट विल जारी गर्नुपर्नेमा सो नगरेको पाईयो । (ग) गैह्र सरकारी संस्थाहरु निश्चित उद्धेश्य प्राप्तिका लागि स्थापना भएका हुने र सवै क्षेत्रमा विज्ञ नहुने भएता पनि पालिकाले कृषिजन्य तालिम वालविवाह न्युनिकरण कम्मल वितरण स्वास्थ्य शिविर सञ्चालन विपत व्यवस्थापन तालिम दलित जनचेतना तालिम वेमौसमी तरकारी खेती विरुवा वितरण लगायतका विशेष प्राविधिक आवश्यक पर्ने कार्यमा समेत यस्ता सस्थावाट कार्य गराएको पाईयो । (घ) गाउँपालिका बाट उपलब्ध जनशक्तिबाट हुनसक्ने काम गैर सरकारी संस्थासँग सम्झौता गरि संचालन हुनु उपयुक्त देखिएन । उपलब्ध जनशक्तिबाट हुनसक्ने काममा आफ्नै जनशक्ति परिचालन गरी कार्य संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । गाउँपालिकाले गैह्रसरकारी संस्था मार्फत सञ्चालन गरेका कार्यको विवरण यसप्रकार छ ।	

गोभौन मिति	गैह्र सरकारी संस्थाको नाम	कार्यक्रम	भूक्तानी रु
११८ २०७६.९.१६	लक्ष्मण घाट सामाजिक विकास केन्द्र	सडक नाटक	१९९८००.००
१७३ २०७६.१०.८	नेपाल वाल संगठन कपिलवस्तु	व्यवस्थापन सहयोग	१०००००.००
२९५ २०७६.१२.५	जनसेवा समाज	महिला अभिमूखिकरण तालिम	१५००००.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२९६ २०७६.१२.५	जनसेवा समाज	महिला अभिमुखिकरण तालिम	२०००००.००
२९७ २०७६.१२.५	नेपाल ग्रामिण विकास केन्द्र	युवाको लागि सिप विकास तालिम	५०००००.००
२९८ २०७६.१२.५	नेपाल ग्रामिण विकास केन्द्र	दलित महिलालाई सरसफाई तालिम	१०००००.००
३९३।७७।२।२२	आदर्श मानव उत्थान केन्द्र	दलित महिला आय आर्जन कार्यक्रम	२०००००
४०१।७७।२।२६	महिला तथा बाल विकास परिषद	सासु बुहारी अन्तर्कृया कार्यक्रम	९९८७०
४०२।७७।२।२६	महिला तथा बाल विकास परिषद	सानेटरी प्याड सिप विकास कार्यक्रम	२०००००
४९२।७७।३।२२	नेपाल ग्रामिण विकास केन्द्र	मर्मत तालिम	१०००००
५४५।७७।३।२८	नेपाल ग्रामिण विकास केन्द्र	सिलाई कटाई	१०००००
	जम्मा		१९४९६७०

३८. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष एउटा नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु ३३३९९९ अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

सि.नं.	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
१	तिलक एकिकृत कृषी फार्म	चिलिङ भ्याट	३३३९९९
	जम्मा		३३३९९९

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३९. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु५००००खर्च गरेको देखिन्छ ।

सि.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	कार्यालय व्यवस्थापन	एलईडी खरिद	५००००
	जम्मा		५००००

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

४०. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकावाट निर्माण कार्य तर्फ एउटा बोलपत्र का माध्यमवाट तथा अन्य सबै निर्माणकार्य उपभोक्ता समितिवाट गराएको छ ।

४१. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ११२७५६३५७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४२. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांग्रे सवारि साधन खरिदमा रु १२५७५६० बजेटबाट खर्च गरेको छ ।	

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	५	१२५७५६०
	जम्मा		१२५७५६०

	• **कर दस्तुर एवं आन्तरिक आय**	
४३.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ६९००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु ३६४२७०८८ अर्थात अनुमान भन्दा ४२७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
४४.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३७४७३६०००	३६४२७०८८	९.७२

	उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४५.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । तर पालिकाले यस सम्बन्धि कुनै अभिलेख राखेको छैन ।	
४६.	**फरक योजनामा खर्च —** आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम अनुसार स्विकृत बजेट कार्यक्रम अन्तर्गत सोही कार्यक्रमका लागि मात्र खर्च लेख्न मिल्ने भएकोमा पालिकाले देहाय बमोजिम स्वीकृत रकम अन्य कार्यक्रममा खर्च गरेको छ ।	

भौ.न./मिति	स्वीकृत कार्यक्रम	योजना फरक	रकम
६१५।०७७।३।३१	मायादेवी २ वडा साक्षर घोषणा	अधुरो मन्दिर निर्माण	३९७४२९
६१६।०७७।३।३१	पदाधिकारी अवलोकन भ्रमण	माटो ग्राभेल	४९६६०५
६१८।०७७।३।३१	गाउ प्रहरी नियूक्ति तथा परिचालन	माटो ग्राभेल	३९७६३३

४७.	**एम्बुलेन्सको आय व्यय —** पालिका अन्तर्गत रहेका आम्दनीका सोतहरुको आय व्ययको विवरण राख्नु	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रत्येक स्थानिय तहको जिम्मेवारी रहेकोमा यस पालिकामा रहेको सबै एम्बुलेन्स हरुको आय व्ययको विवरण राखेको पाइएन । यसरी आम्दनीको स्रोतको रुपमा सम्पतिहरुको अवस्था तथा त्यसको आय व्ययको विवरण नराख्दा वास्तविक आम्दनी कति भएको हो भन्ने कुरा यकिन गर्न सकिएन । आम्दनीको विवरण समेत पालिकामा पेश नगरेका एम्बुलेन्सको निम्न अनुसार मर्मत खर्च भुक्तानी गरेको छ । एम्बुलेन्सको आम्दनी खर्च एकिन नगरी पालिकाबाट यस्तो मर्मत तथा अन्य खर्चमा नियन्त्रण गर्नुपर्छ
<table>
<tr><td>भौ.न./मिति</td><td>भुक्तानी पाउनेआ</td><td>खर्च शिर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>१३।०७७।३।५</td><td>राम तरिथ कहार</td><td>मर्मत</td><td>५००००</td></tr>
<tr><td>११।०७७।३।३२</td><td>प्राथमिक स्वास्थ्य केन्द्र एम्बुलेन्स सेवा</td><td>इन्धन</td><td>५००००</td></tr>
<tr><td>२८।०७७।३।२४</td><td>पकडी स्वास्थ्य चौकी एम्बुलेन्स</td><td>इन्धन</td><td>५००००</td></tr>
<tr><td>२९।०७७।३।२४</td><td>अभिलेख स्वास्थ्य समिति चौकी एम्बुलेन्स</td><td>इन्धन</td><td>४९८०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४९.</td><td>राज्श्व हिनामिना नगदी रसिद केरमेट — आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्य ऐन, २०७६ को दफा ५४ मा सरकारी नगद दुरुपयोग वा मस्यौट भएको देखिन आएमा कार्यालय प्रमुख वा तालुक कार्यालयले यस्तो मस्यौट तथा दुरुपयोग गर्नेलाई आवश्यक कारवाही गर्नुपर्ने व्यवस्था छ ।सो ऐन अन्तर्गतको नियमावली, २०७७ को नियम ६१ अनुसार कार्यालय प्रमुखले प्रत्येक महिना राज्श्व उठन छुट भए वा नभएको राज्श्व लेखा तथा दाखिलाको निरीक्षण गरी राज्श्व हिनामिना भए वा नभएको, गरी अभिलेख राख्नु पर्दछ । यसै गरी लुम्बिनी प्रदेश कार्यविधि ऐन, २०७४ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाबाट हाते नगदी रसिदबाट राज्श्व संकलन गरेकोमा राजश्व शिर्षकगत अभिलेख राजश्वको दैनिक आम्दनी विवरण लगायतका अभिलेख विवरण नराखि बैक दाखिला भएको आधारमा एकमुष्ठ रुपमा रु ३००००००० आन्तरिक आम्दनी गरेको विवरण पेश गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन ;-
क) राजश्व संकलनका लागि बिधुतिय प्रणाली प्रयोग गरेको छैन ।
ख) रसिद नियन्त्रण खाता राखेको छैन ।
ग) वडामा खर्च भएका सबै नगदी रसिदहरु पालिकामा फिर्ता आएका छैन्न ।
घ) लेखापरीक्षणका क्रममा माग भए पश्चात पेश भएका वडा १ का नगदी र घरकर रसिद मध्ये</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्न रसिदबाट संकलन भएको रकम केरमेट गरी न्युनतम रकम उल्लेख गरी सोही बमोजिम बैक दाखिला गरेको देखियो । केरमेट गरी थोरै दाखिला गरेकोमा कर्मचारी वडा सचिव शिव प्रसाद वर्मा र कार्यालय सहयोगी दिलिप कुमार ठाकुरलाई कार्यालयले कुनै कारवाही गरेको छैन।तसर्थ पालिकाका अन्य वडावाट असुल दाखिला रसिद सम्बन्धमा छानविन गरी हिनामिना गर्ने कर्मचारीलाई कानुन बमोजिम विभागिय कारवाही गरी हिनामिना गरेको रकमको ब्याज जरिवाना गरी असुल गर्नुपर्ने रु	१६९३८।-

नगदी रसिद			घरकर		
रसिद नं.	कट्टी रकम रु	दाखिला गरेको	रसिद नं.	कट्टी रकम रु	दाखिला गरेको
११२१	१३००	४००	२६५२	४००	१००
११४०	६००	१००	२६५६	६००	१००
४६६८	५००	१००	२६६०	४००	१००
४६७०	४००	१००	२६६३	४००	१००
४६७१	४००	१००	२६६५	२००	१००
४६८४	४००	१००	२६८०	२००	१००
२६३	१०२५	१२५	२७००	३५०	१५०
२७०	९००	१००	३६०	६००	२००
२७२	१५००	१५०	३६६	२००	१००
२९८	२००	१००	७६९	५००	१००
५६०	१३००	१००	७७४	२००	१००
५६७	४००	१००	७७९	२००	१००
५७१	३००	१००	७८०	२००	१००
१२२०	५००	२००			
१२३४	५००	१००			
१२४०	११००	१००			
२९२०	५००	१००			
२९४१	६००	१००			
२९४५	५००	१००			
	१२९२५	२३७५		४४५०	१४५०
जम्मा असुली	१७३७५				
दाखिला	३८२५				
मस्यौट	१३५५०				
जरिवाना	३३८७				
असुल गर्नु रु	१६९३८				

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५०.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क संकलन नभएको जनएको छ । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **आयकर एवं मू.अ.कर**	
५१.	**नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु ७९१३७ समेत रु १२४९७०७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि नन्फाईलर देखिएकोले निजहरुलाई भुक्तानी भएको मु अ समायोजन प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु	७९१३७।-

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर रकम	नन्फाइलर रहेको मिति

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

३७-२०७६।०८।२९	एल बि मेडिसेल्स	३०५७९४३६१	४९९९५७	४३८७	२०७५।१०।२५
१४२-२०७७।०३।२९	बुद्धज्योति सप्लायर्स	६०४२०६३८७	७४९७५०	७४७५०	२०७६।०८।१९
	जम्मा		१२४९७०७	७९१३७	

- **उपभोक्ता समिति मार्फत कार्य**

५२. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५३. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५४. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३१।०७६।११।११	मायादेवी रतनपुर कालिमाई उ स	पिसिसि ढलान	मिक्सचर मेसिन	५६०००
१८९।०७७।३।३१	बौकीहवा पोखरी निर्माण उ स	बौकीहवा पोखरी निर्माण	जेसिवि	३०००००
	जम्मा			३५६०००

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>पकडी पीढलान .सी.सी. उ स</td><td>पीढलान .सी.सी.</td><td>४०००००</td></tr>
<tr><td>विल्लर अब्दल हाइको घर सम्म सडक उ स</td><td>पीढलान .सी.सी.</td><td>२०००००</td></tr>
<tr><td>प्रसुती भवन निर्माण उ स</td><td>प्रसुती भवन निर्माण</td><td>११९१६३०</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१७९१६३०</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>२११०७७।३।३०
उपभोक्ता समितिलाई कन्टिजेन्सी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले चाकर चौरा देखि सिसवा जाने बाटो निर्माण उ स लाई निर्माण कार्य वापत भुक्तानी गर्दा कट्टा गर्नुपर्न कन्टिन्जेन्सी रु ६००० कट्टा नगरि भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>६०००।-</td></tr>
<tr><td>५७.</td><td>वितरणको अभिलेख - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ अनुसार स्थानियतहले विशेष कार्यक्रम संचालन गर्नु पर्ने भएमा संघिय कानुनको प्रतिकुल नहुने गरि कार्यविधी मापदण्ड तयार गरी कार्यक्रम संचलान सक्ने व्यवस्था रहेको छ । पालिकावाट हेण्डपम्प वितरण तथा सिचाई वोरीङ् वितरण का लागी विभिन्न योजना संचालनमा रहेका छन् ।

क) पालिकाले लाभग्राही छनौटको आधार मापदण्ड कार्यविधि तयार गरेको छैन् । मापदण्ड कार्यविधि वेगर समाग्री वितरण गर्ने कार्यमा सुधार हुनु पर्दछ ।

ख) पालिकाले हाल सम्म वितरित हेण्डपम्प तथा सिचाईबोरीङ् का लाभग्राहीको अध्यावधिक अभिलेख राखेको छैन । जसले गर्दा प्रत्येक आर्थिक बर्षमा एउटै व्यक्ति लाभान्वित हुन सक्ने जोखिम रहने हुदा अध्यावधिक अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>असफल वोरीङ् खर्च सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम १२३ ख अनुसार सार्वजनिक निर्माण कार्यको प्राविधिक नापजाँच पश्चात वास्तविक कामको परिमाणको भुक्तानी गर्नुपर्नेमा पालिका स्तरीय निम्न उपभोक्ता समिती समुह निर्माण व्यवसायीलाई १४९ सेट जडान वापत भुक्तानी गर्दा लागत अनुमानमा भएको असफल बोरीङ्गका लागी गरीएको २० प्रतिशत पुर्वानुमान प्रावधान बमोजिम नापजाँच बेगर एकमुष्ठ ४४२१७४ भुक्तानी भएकोले असफल बोरीङ्गको गहिराई मिटर खुल्ने प्राविधिक पुष्टयाई सहितको नापिकिताव पेश हुनु पर्ने रु</td><td>४४२१७४।-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>गो भौ न</th><th>कामको विवरण</th><th>भुक्तानी पाउने</th><th>असफल वापत भुक्तानी भएको रकम रु</th></tr>
</table>
</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

३६।७६।११।११	बोरिङ्ग जडान	हरियाली कृषक समुह उ स	३५६७
३६।७६।११।११	ह्लेण्डपम्प खरिद जडान	ह्लेण्डपम्प जडान उ स	२०५२९
४४।१२।२२	बोरिङ्ग जडान	गम्मा नि सेवा	२६१३५
१६८।७७।३।२८	ह्लेण्डपम्प जडान	कविता कृषक समुह	२४८८९
१७८।३।२८	ह्लेण्डपम्प जडान	जयगाँउदेवता कृषक समुह	२१७४८
२३६	ह्लेण्डपम्प जडान	खानेपानि उ स	३६५६१
१५८।३।२९	ह्लेण्डपम्प जडान	मिरीका हेण्डपाङ्गप खरिद तथा जडान उ स	४४१९५
२५४।३।३१	हेण्डपम्प खरिद तथा जडान	हेण्डपम्प खरिद तथा जडान उ स	२६४५५०
जम्मा			४४२१७४

५९. **योजना बेगर खरिद -** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६)३ (बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई तथा आवस्यक प्रमाण नियम ४५ बमोजिम प्रकृया पुर्याई कागजात सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७६ अनुसार स्थानीयतहले योजना संचालन पूर्व गतविगतका योजनाको प्रभावको मुल्याङ्कन समेत गरी योजना छनौट गर्नु पर्दछ । तर पालिकावाट विभिन्न वडाहरुमा हेण्डपम्प खरिद जडान योजना संचलान गर्दा विगतमा पालिकावाट जडान भएका हेण्डपम्प जडानको अभिलेख राखी प्रभाव मुल्याङ्कन नगरी कार्यविधि निर्माण र आवस्याकता आकलन नगरी योजना संचालन गरेको पाईयो । लेखापरीक्षणका लागी नमुना छनौट गरिएका देहायबमोजिम उपभोक्ता समितीलाई १४१ हेण्डपम्म जडानका लागी रु ६८०४६८९३ भएकोमा सम्बन्धित लाभग्राहीले हेण्डपम्प बुझेको प्रमाण समेत श्रेस्ता साथ संलग्न गरेको छैन । कार्यविधि आवश्यकता आकलन बेगर बिगत योजनाको समिक्षा नगरी लाभग्राहीले बुझेको भरपाई समेत संलग्न नगरी भएको खर्च लेखेको रु — ६८०४६८९।-

गो भोन	उ स	विवरण	जडान संख्या	रकम
३६।७६।११।११	ह्लेण्डपम्प खरिद जडान	ह्लेण्डपम्प जडान उ स	११	५७८९३१
४४।१२।२२	बोरिङ्ग जडान	गम्मा नि सेवा	८	४८१९०७
१६८।७७।३।२८	ह्लेण्डपम्प जडान	कविता कृषक समुह	२	९८०५७
१७८।३।२८	ह्लेण्डपम्प जडान	जयगाँउदेवता कृषक समुह	२	९३०९९
२३६	ह्लेण्डपम्प जडान	खानेपानि उ स	२४	९३८७८०
१५८।३।२९	ह्लेण्डपम्प जडान	मिरीका हेण्डपाङ्गप खरिद तथा जडान उ स	२१	७७३८३६
२५४।३।३१	हेण्डपम्प खरिद तथा जडान	हेण्डपम्प खरिद तथा जडान उ स	८१	३८४००७९
			१४९	६८०४६८९

६०. **बहालकर:** आयकरऐन २०५८ को दफा ८८ बमोजिम सवारी साधन उपकरण वहालमा प्रयोग गरे बापत भुक्तानी गर्दा १० प्रतिशतले वहाल कर कट्टि गरि भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । यसै गरि सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ मा उपभोक्ता समितिले आफुले गरेको काम सँग सम्वन्धित विल भरपाई सार्वजनिक निकायमा पेश गरि सार्वजनिक निकायले कानुनबमोजिम कट्टी गर्नु पर्ने कर जनसहभागिता लगायतका रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ ।तर नमुना परीक्षण गरीएका मध्यै पालिकावाट देहाय बमोजिम उपभोक्ता समितिलाई उपकरण प्रयोगवापत निम्न रकम भुक्तानी गर्दा १० प्रतिशत वहाल कर कट्टा   नगरी पुरै रकम भुक्तानी गरेकोले १० प्रतिशत बहाल कर असुल गर्नु पर्ने रु — ३५६००।-

गो भो न	भुक्तानी	भाडा वापत भुक्तानी	छुट कर
३१।७६।११।१	मायादेवी रतनपुर कालीमाई सडक उ स	५६०००	५६००
१८९।३।३१	बौकिहवा पोखरी नि उ स	३०००००	३००००
		जम्मा	३५६००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६१.	**विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम सम्झौता अन्यथा व्यवस्था भएको बाहेक रु १० लाख भन्दा बढीको निर्माण कार्य गराउदा विमाको व्यवस्था गर्नु पर्दछ । कार्यालयले विभिन्न सिचाँई योजना अन्तरगत बोलपत्रबाट सञ्चालित कार्यमा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको पाइयो तर ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काका निर्माण व्यवसायीले निर्माण कार्य शूरु हुँदा विमा गरेको पाईएन । नमुना परीक्षण गरीएको वडा न ४ वडा कार्यालय भवन निर्माणको लागी रु ६६००००० को लागत अनुमान तयार गरी कृष्ण कन्ट्रकसन कम्पनि सँग मिति २०७६।११।२० मा रु ४४८६४५१ को सम्झौता भएको छ । आर्थिक बर्ष २०७६।७७ सम्म पहिलो विल वाट रु १७१९०२४ भुक्तानी भएकोमा उक्त अवधि सम्म विमा गरेको पाईएन ।कार्यालयले विमा नभएको अवस्थामा भूक्तानी नभएको जनाएतापनी भविश्यको जोखिम न्यूनीकरणका लागी समय मानै विम गराई निर्माण कार्यमा हुने जोखिम कम गर्नै तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।	
६२.	**ढुवानी/वाहाल कर** - पालिकावाट निर्माण कार्यको लागी तयार पारीएको दर विश्लेरेषणमा समाग्री मुल्य अभिवृद्धिकर ट्रकवाट समाग्री ढुवानीमा लाग्ने खर्च समेत समावेश गरी लागत अनुमान तयार पारी सोही दरवाट उपभोक्ता समिति सँग सम्झौता तथा भुक्तानी भएको छ । तर उपभोक्ता समितीवाट ईटा वालुवा सिमेन्ट लागायतका सामाग्री ढुवानीको विल भरपाई पेश नगरी वा खरिद मात्र भएको वा टयाक्टरवाट खसालेको र ढुवानी वाहेक भनी विलमा लेखीएको आधारमा पालिकावाट ढुवानी कर तथा बहाल कर कट्टा नगरि भुक्तानी गरेको छ ।पालिकवाट दर विश्लेषणमै ढुवानी वापतको रकम समावेश भई भुक्तानी गर्दा नियमानुसार ढुवानी/वाहाल कर यकिन गरी कट्टी गर्नु पर्दछ ।	
६३.	**योजना छनौट :**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ अनुसार स्थानियतहले आफ्नो क्षेत्र भित्र आवधिक योजना बनाई दिर्धकालिन विकासलाई टेवा पुर्याउने तथा दिगो रुपमा रहने योजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ ।तर पालिकावाट संचालित अधिकांश योजनाहरु ग्राभेल सम्वन्धि माटोपटान गर्ने हेण्डपम्प वितरण जस्ता अस्थायी प्रकृतीका र वितरणमुखी रहेका । पालिकाले दिर्धकालिन विकास निर्माणका योजना संचालन गर्नु पर्दछ।	
६४.	**टुक्रा पारी खरीदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को ८५ को उपनियम १ अनुसार बढीमा रु. ५ लाख सम्म सोझै खरिद गर्न सकिने व्यवस्था छ।नमूना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले एकै मितिमा खरिद भएका सामाग्रीहरुको समेत लागत अनुमान टुक्रा गरी लागत अनुमान कै हाराहारीमा सोझै तथा कोटेशन मार्फत खरिद गरेको छ । निम्नानुसारका फर्महरुबाट मोटरसाईकल कार्यालय सामाग्री कम्प्युटर तथा फर्निचरजन्य सामग्रीहरु टुक्रा खरिद गरी भुक्तानी गरेको देखिन्छ ।ऐनको व्यवस्था कार्यान्वयन गरी उपयुक्त प्याकेज जनाई बोलपत्रका माध्यमवाट खरिद गरि टुक्रा खरीद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । नियमावलीको व्यवस्था विपरीत लागत अनुमान टुक्रा पारी खरीद भएको अनियमित देखीएको रु	१२५७७००।-

गो भौ न मिती	सामाग्री	सप्लार्यस	भुक्तानी रु
२।०७६।६।१६	प्लसर मोटर साईकल थान १	सुपादेउराली ईन्टरप्राईजेज	२५३९००
३२७६।०९।१७	प्लसर मोटर साईकल थान १	राजेश अटोवर्क्स	२५९४००
१७।७६।।२९	प्लसर मोटर साईकल थान २	केदारनाथ मो सप्लार्यस	४७७६००
३५।७६।११।७	प्लसर मोटर साईकल थान २	केदारनाथ मो सप्लार्यस	२६६८००
		जम्मा	१२५७७००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६५.	**प्रयोजन बेगर खरिद** आर्थिक कार्यविधि नियमावलि २०६४ नियम ३५ (३) अनुसार खर्च गर्ने अधिकारीले सरकारी हानि नोक्सानी नहुने गरी स्पस्ट कार्यक्रमका लागी विनियोजित बजेट सम्बन्धित शिषर्कवाट नियम ३६ को उपनियम १३ अनुसार प्रकृया पुरा भएको रकम मात्र खर्च गर्न सक्ने व्यवस्था गरेको छ । । यसै गरी सार्वजिनक खरिद नियमावलिको नियम ८५ अनुसार रु ५ लाख भन्दा माथिको खरिद प्रतिश्पर्धा सिमितहुने गरी लागत अनुमान टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था गरेको छ । पालिकाले देकायका मिति र विल वाट कार्यलयको कार्यप्रकृती र कार्यसंचालन सँग प्रतक्ष्य सम्बन्धित नरहेका देहायबमोजिम सामाग्रीहरु पटक पटक खरिद गरी रु९०५१७२ खर्च गरेको छ । यसरी सरकारी रकमको अनियन्त्रित तवरले अधिकांस घरायसि तथा भान्सा जन्य सामाग्री खरीद गरी भुक्तानी गर्नेलाई जिम्मवार वनाउनु पर्ने देखिएको रु	९०५१७२।-

गो भो न	सप्लायर्स	सामाग्रीहरु	भुक्तानी रु
१३।७६।९।१८	संजय ट्रेड कन्सर्न	पंलङ् ६ ४ को १	८५८५०
१२।९।१८	संजय ट्रेड कन्सर्न	कारपेट	१६९५०
१०।७६।९।१८	गुनगुन ट्रेड सप्लार्यस	डोरमेट, तन्ना ५, ताला भाडा राख्ने सोकेश, लगायत	८६२१९
११।७६।९।१८	गुनगुन ट्रेड सप्लार्यस	ब्ल्याङ्केट तकिया	९४४७९
१५।७६।९।१८	संजय ट्रेड कन्सर्न	स्मार्ट टि भि१,राईस कुकर१,मिक्चर१हिटर फ्रिज	१०७१२४
१४।९।१८	संजय ट्रेड कन्सर्न	सोफा ५ सिट ,फ्रिज १८५ लि	९९३२७
४।७६।१०९।१८	स्नेहा जनरल एण्ड सप्लार्यस	सोफा १, लोबेड १, टिटेवल	९६०५०
५।७६।९।१४	स्नेहा जनरल एण्ड सप्लार्यस	सिलिन्डर, प्रसर कुकर २,ग्यास, ईन्भर्टर	८७१२३
८।७६।९।१८	स्नेहा जनरल एण्ड सप्लार्यस	स्टिल डेक्ची १, मसला डव्वा, सावुन १० दर्जन, मग	२७४९२
९।७६।९।१८	स्नेहा जनरल एण्ड सप्लार्यस	स्टिल दराज	९७१८०
६।७६।९।१८	स्नेहा जनरल एण्ड सप्लार्यस	स्टिल गिलास १० लुगा धुने सावुन लगायत १०	२११८०
७।७६।८।२५	स्नेहा जनरल एण्ड सप्लार्यस	चम्चा सिरानि कभर पर्दा समाग्री लगायत १०	८६१९८
			९०५१७२

६६.	**उपभोक्ता समितिलाई ढुवानीमा मू. अ. कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको ढुवानीमा मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ । लेखापरीक्षणका लागि छनौट गरिएका मध्ये भौ न ३६।०७६।११।११ ह्यान्ड पम्प पाइप खरिद जडान उपभोक्ता समितिलाई सामान ढुवानीमा भुक्तानी भएको मू.अ.कर रु २८०५० असूल हुनुपर्ने देखिएको रु.	२८०५०।-
६७.	**सामाजिक सुरक्षा प्रविष्टी कार्य भत्ताः** १८ २०७६.०६.१५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यवस्था विपरित आ.व.२०७६.७७ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको आठै वटा वडाबाट प्राप्त विवरण रुजु गरी अनलाईन ईन्ट्री तयार गर्ने कार्य गरेवापत तपशिल वमोजिमका कर्मचारीहरुलाई अतिरीक्त सेवा सुविधा दिएको छ।यसरी खर्च गर्न नमिल्ने कार्यमा खर्च गरी भूक्तानी भएकाले सम्वन्धित कर्मचारीवाट असुल गर्नुपर्ने रु</td><td>९९००।-</td></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>तह पद</th><th>कर कट्टा गरी भूक्तानी रु</th></tr>
<tr><td>१</td><td>रामचन्द्र ढकाल</td><td>प्र.प्र.अ.</td><td>९९००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९९००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८.</td><td>अनलाईन प्रविष्टी भत्ताः ३७४ २०७७.०२.१४ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्था विपरित कोभिड १९ डाटा ईन्ट्री शैक्षिक संस्थाको डाटा ईन्ट्री सामाजिक सुरक्षा भत्ता डाटा ईन्ट्री सूत्रमा डाटा ईन्ट्री लगायतका विभिन्न कार्यको लागि देहाय वमोजिमका कर्मचारीलाई भत्ता भूक्तानी गरेको छ।यस्ता भत्ता वितरण गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्छ ।यसरी खर्च गर्न नमिल्ने कार्यमा खर्च गरी भूक्तानी भएकाले सम्वन्धित कर्मचारीवाट असुल गर्नुपर्ने रु</td><td>१४८५०।-</td></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>तह पद</th><th>कर कट्टा गरी भूक्तानी रु</th></tr>
<tr><td>१</td><td>अनिल कुमार चौधरी</td><td>स.पाँचौ</td><td>१४८५०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४८५०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६९.</td><td>सम्झौता अनुसार कार्य नभएको - उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिकाले सम्झौता भई सम्पन्न हुन नसकेका उपभोक्ता समिति तर्फका निर्माण कार्यको अभिलेख राखेको छैन । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुने कार्य नगर्ने उपभोक्ता समिती पुन सम्झौता हुन जोखिम रहन्छ । बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गरि सो को अभिलेख राख्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। तर पालिकाले स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या खुल्ने विवरण राखेको छैन।यसरी विवरण समेत अध्यावधिक नगर्दा विधालयलाई निकासा हुने विभिन्न अनुदान रकमहरु जस्तै दिवा खाजा छात्रवृती खर्च पोषाक खर्च पाठ्यपुस्तक अनुदान शिक्षण सिकाई सामाग्री परीक्षा खर्च लगायतका खर्चमा दोहोरो निकासा हुन सक्ने सम्भावना रहन्छ।अभिलेखको अभावमा विधालयहरु एक आपसमा गाभ्ने प्रक्रियाको शूरुवात भएको छैन।यस तर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>७०.</td><td>बढी भुक्तानी — ११०।०७७।३।१४ क्षयरोग उन्मुल्न सन्बन्धी ३ दिने कार्यक्रमको गुणस्तरिय अनुगमन गरी स्वास्थ्य कर्मी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत क्षयरोगको चौमासिक गोष्ठिकामा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	मो.इरफानलाई कार्यक्रममा ३ दिनको सहभागी भत्ता र भ्रमण खर्च दुबै भुक्तानी भएकोले भ्रमण खर्च वापतको ३ दिनको १६०० का दरले असुल गर्नुपर्ने रु	४८००।-
७१.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ ।	
७१.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
७१.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
७१.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
७१.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
७१.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७२.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस आ व मा पालिका सुचिकृत बेरोजगारहरुको संख्या ३०1० जनाको नाम सुचिकृत भएतापनि कोरोनाको कारण पालिकाले यस वर्ष रोजगार उपलब्ध गराएको पाईएन । आ व २०७६।७७ मा यस शिर्षकमा रु १४१७००० बजेट रहेकोमा रु २४३५३० खर्च गरेको छ।	
७३.	**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको निम्नानुसार रु. ९८२५११ को सोझै खरिद गरेको देखियो ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

गो.भौ.न/मिति	शिर्षक	भुक्तानी पाउने	रकम
४८।०७६।७।७	मसलन्द तथा कार्यालय सामग्री खरिद	लक्ष्मी स्टेनरी एण्ड सप्लार्यस	१३७१६१
३८३।७७।२।१९		संजय ट्रेड कन्सर्न	१२६९८९
५७४।७७।३।३०		लक्ष्मी स्टेनरी एण्ड सप्लार्यस	१८०००९
५७६।७७।३।३०		स्नेहा जनरल एण्ड सप्लार्यस	४१००७७
५९२।७७।३।३१		मार्स कम्प्युटर सप	१२८२७५
			९८२५११

७४. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु २० लाख खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो नगरी लागत अनुमान टुक्रा पारी कार्यालयवाहिरका जनशक्तीवाट उक्त कार्य गराएको छ ।

७५. **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २।५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु ३१२४३४१ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राखे गरेको छैन ।

७६. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

७७. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । तर पालिकाले सार्वजनिक परिक्षण गरेको पाईएन ।

७८. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
वडा १ र ४ को भवन	टिपिएच डेभलपमेन्ट प्रा ली	५०००००	४९६२९६
वडा ८ को भवन	रुपक इन्जिनियरिङ कन्सलटेन्सी एण्ड सप्लायर्स	३०००००	२६८२६५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

वडा ६ को भवन	टिपिएच डेभल्पमेन्ट प्रा ली	५०००००	४९१२११
कृषि विज्ञान भवन निर्माण	भिजनरी डिजाइन प्रालि	५०००००	४१४९३६
मर्थि खोला पुल निर्माण	टिपिएच डेभल्पमेन्ट प्रा ली	४०००००	३२९२९५
जम्मा:		२२०००००	२००००००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै पालिकाले डिपिआर जिन्सी दाखिला समेत गरेको छैन । यसता डिपिआरलाई जिन्सी खातामा चढाएको प्रमाण पेश गर्नुपर्ने रु

बेरुजू रकम: २००००००।-

७९. **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मापक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यल पालिकाले योजना तथा सुचना प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी रु ४८५०२५ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

८०. **भरपाई नभएको -** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले निम्न खरिद गरेको मालसमानको वितरणको भरपाई पेश गर्नुपर्ने रु

बेरुजू रकम: ६७९८७६।-

गो.भौ.न/मिति	कार्यक्रम	भुक्तानी पाउने	खर्च रकम	नपुग भरपाई रकम
३६।०७६।२।२९	न्यानो झोला खरिद र वितरण	महेन्द्र प्र यादव	४३७२५०	४३७२५०
६३।०७६।११।१	हातीपाइले कार्यक्रम	महेन्द्र प्र यादव	९७१७००	२३६८२६
१४९।०७७।३।३१	प्रजनन स्वास्थ्य कार्यक्रम	महेन्द्र प्र यादव	१४२२५०	५८००
	जम्मा			६७९८७६।-

८१. **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका संस्थालाई परामर्शबापत रकम भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा, अग्रिम करकट्टी नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.

बेरुजू रकम: १३५००।-

भौ.नं/मिति	परामर्शदाताको नाम	प्रयोजन	भुक्तानी रकम	करकट्ट हुनुपर्ने रु	करकट्टी भएको रु	छुट कर
४६०।७७।३।१६	स्टार टेक्निकल क्लेज	वाईरिङ तालिम	९००००	१३५००	०	१३५००

८२. **भ्रमण खर्च :** लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>८३.</td><td>
सामाजिक सुरक्षातर्फ बढी निकासा - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले सामाजिक सुरक्षा भत्ता बैक मार्फत भुक्तानी गरेको छैन । नमुना छनौटको रुपमा वडा ८ को परीक्षण गर्दा लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु...
<table>
<tr><th colspan="6">वडा नं. ८</th></tr>
<tr><th>नाम</th><th>जन्म मिति</th><th>ना.प्र.प.नं.</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमसिक</th></tr>
<tr><td>एकाबुल निसा मुसलमान</td><td>२००३।१।५</td><td>१९९५</td><td>१२०००</td><td>१२०००</td><td>१२०००</td></tr>
<tr><td>प्रभावति चमाइन</td><td>२०१५।४।२</td><td>२०९३</td><td>८०००</td><td>८०००</td><td>८०००</td></tr>
<tr><td>शान्ति कोरी</td><td>२०१३।५।२०</td><td>१५८३</td><td>८०००</td><td>८०००</td><td>८०००</td></tr>
<tr><td>समुनरी पासी</td><td>२००८।६।१</td><td>१६३०</td><td>८०००</td><td>८०००</td><td>८०००</td></tr>
<tr><td>जया पासवान</td><td>२०७३।७।१४</td><td>दलित बालबालिका</td><td>१६००</td><td>१६००</td><td>१६००</td></tr>
<tr><td>दिलिप कु पासी</td><td>२०७३।९।२</td><td>दलित बालबालिका</td><td>१६००</td><td>१६००</td><td>१६००</td></tr>
<tr><td>दिलिप पासी</td><td>२०७१।६।१९</td><td>दलित बालबालिका</td><td>१२००</td><td></td><td></td></tr>
<tr><td>प्रतिमा धोवी</td><td>२०७३।१२।१५</td><td>दलित बालबालिका</td><td>१६००</td><td>१६००</td><td>१६००</td></tr>
<tr><td>प्रिया धोवी</td><td>२१७१।५।२७</td><td>दलित बालबालिका</td><td>८००</td><td></td><td></td></tr>
<tr><td>विराज कु चमार</td><td>२०७४।१।३</td><td>दलित बालबालिका</td><td>१६००</td><td>१६००</td><td>१६००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४४४००</td><td>४२४००</td><td>४२४००</td></tr>
</table>
पालिका अन्तर्गतको सबै वडाले सामाजिक सुरक्षाको वितरण यसरी नै वितरण नगरेको भन्न सकिन र
</td><td>१२९२००।-</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अघिल्लो आ व हरुमा समेत वडाहरुले वितरण गरेको सामाजिक सुरक्षा दोहोरो वितरणको भए नभएको छानबिन गर्नुपर्छ ।	
८४.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । तर पालिकाले व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा प्रविष्ट गरेको छैन ।	
८५.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । तर पालिका अन्तरगतका वडाहरुले त्यसतो गरेको पाईएन ।	
८६.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । तर पालिका अन्तरगतका वडाहरुले लाभग्राहीहरुको नामको अध्यावधिक विवरण उपलब्ध नगराएको कारण पालिकाको मुल अभिलेख अध्यावधिक नगरेको देखियो ।	
८७.	**पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४)३ (अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ ।पालिकाले आर्थिक वर्षको अन्त्य सम्ममा पनि निम्नानुसारको पेश्की फछ्र्यौट गरेको छैन । नियममा भएको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिन आवश्यक छ ।	६२६६७००।-

कर्मचारी पेश्की		व्यक्तीगत पेश्की		संस्थागत पेश्की	
नाम थर	बुझेको पेश्की रु	नाम थर	बुझेको पेश्की रु	संस्थाको नाम	बुझेको पेश्की रु
महेन्द्र प्रसाद यादव	८००००	महेश घिमिरे	८००००	सिप्रदी प्रा ली	२१९७०००
महेन्द्र प्रसाद यादव	४२५०००	मनोज कुमार चौधरी	२०००००	प्राथमिक स्वास्थ्य चौकी हरनामपपुर	९२८०००
बैतुल्लाह धुनिया	१८३७३००				
भीमनाथ शर्मा	१५००००			पकडी स्वास्थ्य चौकी	९६०००
भीमनाथ शर्मा	१०००००				
अनिल कुमार चौधरी कुर्मी	१७३४००				
जम्मा	२७६५७००	जम्मा	२८००००	जम्मा	३२२१०००

कोभिड-१९ तर्फ

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८८.	**आम्दानी र खर्चको विवरणः-** महालेखा नियन्त्रकको कार्यालयको मिति २०७६-१२-२७ च.नं.२०१ को सबै स्थानिय तह तथा कोष तथा नियन्त्रक कार्यालयलाई स्थानिय तहमा कोरोना रोग रोकथाम,नियन्त्रण र उपचार कोष सञ्चालन व्यवस्थापन सम्वन्धमा गरेको परीपत्रको बुँदा नं.४ मा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी	

	खर्चको छुट्टै श्रेष्ता राखी लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रदान गरेको विवरण अनुसार कोरोना कोषमा रु २८७८५०००.००आम्दानी जनाएर रु २८०९४६०५.८४ खर्च गरी रु ६९०३९४.१३ बाँकी देखाएको छ ।	
८९.	**जोखिम भत्ताः-** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी गरी जम्मा ११ जना कर्मचारीको जोखिम भत्ताको रु ५१९४६७.०० खर्च लेखेको छ ।	
९०.	**क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः-** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि मायादेवी गाउपालिका आइसोलेशन सेन्टर फूलिका आइशोलेसन सेन्टर गरी २ वटा आईसोलेसन स्थापना गरेको छ ।कार्यालयले क्वारेन्टाईन र आईसोलेसन स्थापनाको लागी रु ८८७६,०८७.०० खर्च लेखेको छ ।कार्यालयले स्थापना गरेका १७ वटा क्वारेन्टाईन र क्वारेन्टाईनमा वसेका व्यक्तीको विवरण यसप्रकार छ ।	

क्रस	यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम	जम्मा सख्यां	बेड संख्या
१	छत्रपाली तिर्थदिवी मा.वी	१२४	५०
२	इमिलिया पम्म	३५	३०
३	भैसकुण्डा	११५	५०
४	ठुलो खैराटी	६५	३०
५	बहरवासी	३५	३०
६	हरियाली प्रा.वी डुमरीया	३०	३०
७	चाकरचौडा	३८	२५
८	सानोगौरा	३५	२०
९	पिपरा स्कुल	२५	२०
१०	ठुलो गौरा	४०	२०
११	जनता मा.वी	१४०	२५
१२	सिसहनिया प्रा.वी	४५	३०
१३	शुभद्रा प्रा.वी सानो सिसहनिया	२५	३०
१४	राष्ट्यि आधारभुत प्रा.वी धुपही	४८	२५
१५	रामउजागिर बरई बिजुवा	३०	२०
१६	बिजुवा मदरसा	३५	३०
१७	गा.वि.स. भवन बिजुवा	३४	३०
	क्वारेन्टाइन संख्या ३६		

९१.	**विशेष परिस्थिति खरीदः-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ। खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ ।	
९२.	**समाग्री खरीद** दरः- कार्यालयले कोभिड-१९ रोग व्यवस्थापन र नियन्त्रणको लागि निम्नानुसारको दरमा सामग्री खरीद गरी प्रयोगमा ल्याएको विवरण उपलव्ध गराएको छ ।	

सामानको नाम	सामान प्राप्त मिति	इकाई	परीमाण
पिपीई	२०७६/१२/२५	वटा	२८२
मास्क सर्जिकल	२०७६/१२/२५	वटा	२५५००
पिसीआर किट	२०७७/१/२५	वटा	३४०
कपडा मास्क	२०७६/१२/१०	वटा	३५००
N95 mask	२०७६/१२/१०	वटा	३५००
भिटीएम	२०७७/१/२५	वटा	३४०
आरडीटी किट	२०७७/३/१	वटा	२७५
इन्फ्रारेड थर्मोमिटर	२०७७/१/१०	वटा	१३

९३.	**राहात सामग्रीको खरिद र वितरणको परिमाणः-** पालिकाले कोभिड — १९ को समयमा जोखिममा रहेका व्यक्तिको लागि वितरण गरेको राहातको विवरण पेश गरेको छैन। विवरण अध्यावधिक नगरेकाले पालिकाले कसलाई कहिले कति परीणाममा राहात वितरण गर्यो भन्ने सम्वन्धमा एकिन हुन सकेन । सम्वन्धित पदाधिकारीलाई यस सम्वन्धमा जिम्मेवार गराउन आवश्यक छ ।	
९४.	**विल भरपाई समावेश नभएकोः-** ३० २०७७.०२.३२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ। कोभिड-१९ उपचार तथा व्यवस्थापन अन्तरक्रिया कार्यक्रममा महेन्द्र प्रसाद यादवले लिएको पेश्की फछ्र्यौटमा विल भरपाई संलग्न नभएकाले खर्च पुट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने रु	१८६७९०।-
९५.	**सशर्त तर्फको कार्यक्रममा खर्चः** ९३.२०७७.०३.३१ महालेखा नियन्त्रकको कार्यालयको मिति २०७६-१२-२७ च.नं.२०१ को सबै स्थानिय तह तथा कोष तथा नियन्त्रक कार्यालयलाई स्थानिय तहमा कोरोना रोग रोकथाम,नियन्त्रण र उपचार कोष सञ्चालन व्यवस्थापन सम्वन्धमा गरेको परीपत्रको बुँदा नं.३ अनुसार यस्तो कोषबाट राहात सामाग्री वितरणको लागि खर्च गर्न पाउने उल्लेख छ पालिकाले परीपत्रमा भएको व्यवस्था विपरीत महेन्द्र प्रसाल यादवलाई सशर्त अनुदान कार्यक्रम अन्तर्गत रहेको मातृ तथा नवशिशु कार्यक्रमका लागि विनियोजित वजेट रकम अन्तर्गत सम्पूर्ण स्वास्थ्य सस्था तथा वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरेवापतको रकम भूक्तानी भएकाले विपत व्यवस्थापन कोषवाट खर्च गर्न नमिल्ने रु	२३९४००।-
९६.	**कोरोना कृषि विशेष कार्यक्रम,२०७७ -** पालिकाले कोरोना कृषि विशेष कार्यक्रम अन्तरगत विदेशवाट फर्केका र व्यवसाय उन्मूख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रममा रु १७ लाख ६० हजार	

	खर्च लेखेको छ । विदेशवाट फर्किएका व्यक्तिको लागि व्यवसाय उन्मूख कृषि विकास कार्यक्रम प्रोत्साहनको लागी ८८ जना कृषकलाई प्रतिव्यक्ती रु २००००.०० का दरले वैंक मार्फत् भूक्तानी भएको छ।	
१७.	**बार्षिक प्रतिवेदनः-** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन।ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ।	

मायादेवी गाउपालिका

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६/०७७

अनुसूची - १

(रु हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१०(७+८+९)	११(१+६-१०)
१	मायादेवी गाउँपालिका	कपिलवस्तु	१०८३४९	३७४७३६.०	७७१००.०	०.०	३६४२७	४८८२६३	२४२३०७	११४३७८	९३७८९	४५०४७४	१४६१३८

बेरुजु वर्गिकरण (विनियोजन,राजश्व,धरौटी र अन्य कारोवार)

अनुसूची - २

(रु हजारमा)

क्र.	स्थानिय तह	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बाँकी बेरुजू								
			दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धा	लगती		सैद्धा	लगती		सैद्धा	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	मायादेवी गाउँपालिका	कपिलवस्तु	७५	३३.	३७०१३	०.	५	४६३	७५.	२८.	३६५५०	२५५८	२५४६	२५१७९	०.०	०.०	२७७	२७६६	३५०१	६२६७

बेरुजुको अद्यावधिक स्थिति

अनुसूची - ३

(रु हजारमा)

गत बर्ष सम्मको फछ्र्यौट हुन बाँकी	यस बर्ष फछ्र्यौट	बाँकी बेरुजु	यस बर्षको स.प.बाट कायम बेरुजु	यो बर्षको कायम बेरुजु	बाँकी	५८ औं प्रतिबेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की
४८८४७	०.०	४८८४७	०.०	३६५५०	८५३९७	१५७२४